महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

२०७८

सिगास गाउँपालिका

बैतडी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः२०७८/७९ मितिः२०७८/५/४
च.नं.१८०

श्री अध्यक्षज्यू
सिगास गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय , वैतडी।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

पत्र संख्या:२०७८/७९
च.नं.१८१ मितिः २०७८/५/४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सिगास गाउँपालिका,
गाउँपालिकाको कार्यालय, वैतडी ।

कैफियत सहितको राय

हामीले सिगास गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु ३ करोड ४२ लाख ५८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १८ लाख ०७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड १४ लाख ६९ हजार नियमित गर्नुपर्ने रु. ३७ लाख ४८ हजार पेश्की बाँकी रु ७२ लाख ३४ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०१।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १९ (उन्नईस) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

सिगाँस गाउँपालिका

लेखापरीक्षण प्रतिवेदन

२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउपालिकाको उद्देश्य रहेको छ । यस गाउपालिका अन्तर्गत ९ वडा, ४५ सभा सदस्य, २४५.०४ वर्ग किलोमिटर क्षेत्रफल तथा २३८७२ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		**५९५१७७९९।६१**	१	**चालु खर्च**		**१८७६६७९३३।०२**
	क) नगद			२	**पूँजीगत खर्च**		**१५६७५२४७९।८९**
	ख) बैंक		५९५१७७९९।६१	३	**वित्तिय व्यवस्था भुक्तानी**		०.००
२	**राजस्व (आन्तरिक आय)**		**६०९२११२८।०५**		क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	।	५९७७३६५।८२		ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड केन्द्र		५४०५२८१३।६४		ग) अन्य भुक्तानी		
	ग) राजश्व वाडफाड प्रदेश		८९०९४८।५९	४	**लगानी**		०.००
३	**वित्तिय हस्तान्तरण संघ**		**२९६२९५३७१।**		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान		८८७०००००।		शेयर लगानी		
	ख) सशर्त अनुदान		१९७८९५३७१।		अन्य लगानी		
	ग) समपूरक अनुदान		३७०००००।	५	धरौटी फिर्ता		
	घ) विशेष अनुदान		६००००००।	६	कर्मचारी कल्याण कोष खर्च		
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		**२४६७४९३०।**	७	प्रकोप व्यवस्थापन कोषा		**१०७२५०१४।**
	क) वित्तिय समानीकरण अनुदान		६८६८०००।	८	सामाजिक सुरक्षा		**५७२९०६००।**
	ख) सशर्त अनुदान		५५१३०००।	९	स्थानिय पुर्वाधार विकस समझेदारी कार्यक्रम खर्च		**५५०४८२९**
	ग) समपुरक अनुदान		४९७४०००।	१०	वहुक्षेत्रिय पोषण कार्यक्रम		**६५६०००।**
	घ) विशेष अनुदान		६४०००००।	११	गरिवसंग विश्वेश्वर कार्यक्रम		**१९५०००।**
	ङ प्रोत्साहन भत्ता		६४००००।	१२	राष्टिय परिचय पत्र तथा पञ्जिकरण विभाग पुजिगत		**२०३१३२।**
	च]कोरणा कोष प्रदेशबाट प्राप्त		००	९	राष्टिय परिचय पत्र तथा पञ्जिकरण चालु		**६८७०६४।**
५	प्रकोप व्यवस्थापन कोष		**११४१३४००।**	११	**वैंक मौज्दात**		**१०००६९३८२।७०**
६	स्थानिय पर्वाधार विकस समझेदारी कार्यक्रम		**५५०४८२९।**	१२	क) मुल संचित कोष		३७५७३२५७।३७
७	पर्यटन पुर्वाधार विकासआयोजना		**००।०**		ख) चालु खर्च खाता		८५१४३१७।९६
८	वहुक्षेत्रिय पोषण कार्यक्रम		**६५६०००।**		ग] पुजिगत खर्च खाता		३३३२७६६६।४१
९	धरौटी आय		**२३९२१८०।९५**		घ] कर्मचारी कल्याण कोष		
१०	सामाजिक सुरक्षा तथा संरक्षण		**५७२९०६००।**		ङ]प्रकोप व्यवस्थापन कोष		६८८३८६।
११	राष्टिय परिचय पत्र तथा पञ्जिकरण विभाग पुजिगत		**२०३१३२।**		च]धरौटी मौज्दात		२३९२१८०।९५
१२	राष्टिय परिचय पत्र तथा पञ्जिकरण विभाग चालु		**६८७०६४।**		छ] राजश्व वाडफाडबाट प्राप्त रकम कोष		१७५७३५७४।०१
	गरिवसंग विश्वेश्वर कार्यक्रम		**१९५०००।**				
	जम्मा		**५१९७५१४३४।६१**		**जम्मा**		**५१९७५१४३४।६१**

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँनगरपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात फरक देखिएको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्नेमा राखेको पाईएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • गाउपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। • गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको	

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन । • गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३.	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
४.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्य गाउँपालिकाबाट स्वीकृत गराई असार १० गते	

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्रीमती पार्वती कुमारी भण्डारी राणाले मिति २०७६।३।१० गते रु.४१ करोड ६६ लाख २३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गरेको देखियन ।</td><td></td></tr>
<tr><td>५.</td><td>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । रु हजार
<table>
<tr><th rowspan="2">क.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२१३८८</td><td>१९४५५</td><td>९०।९६</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१६५५९३</td><td>११०२१६</td><td>६६।५६</td></tr>
<tr><td>३</td><td>सचार तथा सुचना प्रविधि</td><td>७३५</td><td>४६५</td><td>६३।२६</td></tr>
<tr><td>४</td><td>सामाजिक क्षेत्र</td><td>२१२८६८</td><td>१६९६९०</td><td>७९।७२</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>७०९४०</td><td>४५०५८</td><td>६३।५१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४७०७९०।</td><td>३४४४२०</td><td>७३।१५</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ४५.२६ प्रतिशत सामाजिक विकासमा र घटी ०.१५ प्रतिशत संचार तथा सुचना प्रविधिमा रहेको छ ।</td><td></td></tr>
<tr><td>७.</td><td>लक्ष्य प्रगति : कार्यालयको चौमासिक वार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन ।प्राप्त विववरण अनुनसार ११५ योजना मध्ये १९ वटा योजनाको शुन्य प्रगती रहेको छ । स्विकृत कार्यक्रमको शत प्रतिशत प्रगती हासील गर्ने तर्फ पहल गर्नुपर्ने देखिन्छ ।अत बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८.</td><td>तलवी प्रतिवेदन : निजामति सेवा ऐन २०४९ को दफा ७ वमोजिम स्थानिय तह अन्तर्गतका कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षणबाट पारित गरइ तलव खर्च लेखनु पर्नेमा कार्यालयकले कर्मचारीहरुको तवली प्रतिवेदन परित गरेको छैन । तलवी प्रतिवेदन पारीत गरेर मात्र तलव खर्च लेखनु पर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td>आन्तरिक लेखापरीक्षण : स्थानिय संचालन ऐन २०७४ को दफा ७७ (२) मा स्थानियतहले आर्थिक कारोवारको नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीतको आधारमा प्रत्येक चौमासीक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले यस वर्यको आन्तरिक लेखापरीक्षण गरायको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोवारको आन्तरीक लेखापरीक्षण गराइ आन्तरिक नियन्त्रण प्रणालिलाइ प्रभवकारी वनाउने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१०.</td><td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु. १५०६२१० खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>११.</td><td>कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानिय तहले कार्यालयलाइ कर्मचारी कल्याण कोषको लागि रकम जम्मा गर्नुपर्नेमा उक्त कोषको व्यवस्था गरेको छैन ।</td><td></td></tr>
<tr><td>१२.</td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>वडा सचिवको पदपूर्ति : गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।
<table>
<tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>९</td><td>९</td><td>४</td><td>५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४.</td><td>योजनामा ५ लाख भन्दा कम विनियोजन : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा आर्थिक सामाजिक एवम पुर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमबाट गाउँपालिकाले ५ लाख भन्दा कम लागतका आयोजना छनोट गर्न नहुने व्यवस्था छ ।गाउँपालिकाबाट प्राप्त विवरण अनुसार निर्देशिका विपरीत विभिन्न योजनाहरुमा रु ५ लाख भन्दा न्युन ४३ योजनामा वजेट विनियोजन गरी खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँविकास योजना २०७५/७६ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ देखि २ लाखसम्म</td><td>रु २ देखि ५ लाखसम्मका</td><td>रु ५ देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>२</td><td>१५</td><td>२६</td><td>१४</td><td>३७</td><td>९६</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष जम्मा ९६ वटा योजना संचालन गरेकोमा रु.१० लाख भन्दा मुनिका मात्र ५५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा</td><td></td></tr>
</table>

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।	
१६.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा न्यायिक समितिमा दार्ता भएका मुद्धा माग गरेकोमा विवरण प्राप्त भएन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१७.	**विविध खर्च :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ वमोजिमको बजेट अनुमानमा आन्तिरक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्नै व्यवस्था छ ।आन्तिरक आय न्युन भएकोमा पालिकाले यस वर्ष विविध तर्फ रु २१७४५९७। खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	
१८.	**ठेक्का व्यबस्थापन :** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाबाट संचालित योजनाको निर्माण भएको ठेक्काको विवरण माग गरेकोमा प्राप्त भएन।	
१९.	**बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १५६७५२४७९। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो ।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
२०.	**आयको अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय—व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर अन्य वापत रु. ५९७७३६५।८२ आय प्राप्त गरेको छ । खर्चको तुलनामा आम्दानी न्युन भएकोले आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
२१.	**राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अघिल्लो आर्थिक वर्षको बाँकी के कति छन यकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।	
२२.	स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले सार्वजनिक सेवा प्रवाहलाइ प्रभावकारी दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७।७। मा उपभोक्ता	

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ताको गरेको खर्चको सुचना सार्वजनिक टाँस गर्नुपर्ने र आफुले गरेको कामकारवाहीको सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखियन ।	
२३.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।	
२४.	**विलभरपाई :११५।०३।२१** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम २६ बमोजिम कारोबारको खर्च बमोजिमको बिलभरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्नेमा , फिल्ड भत्तावापत स्वास्थ्य संस्थहरूलाई रु २४०००० भुक्तान गरेकोमा सो को भरपाइ पेशनभएको रु	२४००००
२५.	**सार्वजनिक सम्पत्ति मर्मत सम्भार** :११८।०३।२१ सार्वजनिक सम्पत्ति मर्मत सम्भारको लागि विभिन्न स्वास्थ्य संस्थहरूलाई रु ५०००००। भुक्ती दिएकोमा कुन कुन स्वास्थ्य संस्थाहरूले के के मर्मत गर्न कति रकम माग गरेको भन्ने खुल्ने निवेदन संझौता आदि पेश नभएको रु ,लागत अनुमान ,	५०००००
२६.	**नागरिक आवासः** १४२।०३।३० बाट सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत रु ६००००० खर्च गरेकोमा सो को बिल भरपाइ पेश नभएको रु	६०००००
२७.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. ३२५००००। का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
२७.१.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
२७.२.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश गरेको छैन ।	
२७.३.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
२७.४.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन ।	
२७.५.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
२७.६.	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२८.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् । साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडाका जनालाई रोजगारी उपलव्ध गराई खर्च गरेको छ । लक्षित वर्गलाई १ दिनदेखि ६ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम समेतमा खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>२९.</td><td>विद्यालय भौतिक निर्माण : उपभोक्ता समितिबाट कार्य सम्पन्नपछि पेश भएको प्राविधिक बिलमा खुद काम भएको रकममा पेश्की, उपभोक्ता समितिले व्यहोर्ने रकम, धरौटी, अग्रिम कर कट्टी लगायतका सम्पूर्ण कट्टी गर्नुपर्ने रकमा घटाइ बाँकी रकममात्र भुक्तान दिनुपर्नेमा निम्न लिखित विद्यालयहरुलाई २ कोठे भवन निर्माण वापतको रकम बढी भुक्तान भएको असुल गर्नुपर्ने रु
<table>
<tr><th>गोभौनं/मिति</th><th>विद्यालय</th><th>खुद काम भएको</th><th>पेश्की समेत कट्टी गर्नुपर्ने</th><th>भुक्तान भएको</th><th>हुनुपर्ने</th><th>बढी</th></tr>
<tr><td>१३।०१-३०</td><td>पन्चोदय मावि</td><td>१५९८७७७</td><td>६१४११८</td><td>१०४७११०</td><td>९८४६५९</td><td>६२४५१</td></tr>
<tr><td>१४।०१-३०</td><td>बालकृष्ण मावि न्वाघर</td><td>१५५८६०२</td><td>६२३९८६</td><td>१०३८६३६</td><td>९३४६१६</td><td>१०४०२०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>१६६४७१</td></tr>
</table></td><td>१६६४७१</td></tr>
<tr><td>३०.</td><td>छात्रवृत्तिः १११।०३।१९ बाट शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार आइएमआइएस मा प्रविष्ट तथ्याँकको आधारमा प्रति छात्रा वा दलित छात्रछात्रा रु ४०० का दरले छात्रवृत्ति प्रदान गरिनुपर्नेमा यस गाउँपालिकाले छात्रवृत्ति शीर्षकमा रु २१५१०००। विभिन्न विद्यालयहरुलाई निकासा भएकोमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या पेश नभएकोले खर्च यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३१.</td><td>निशुल्क पाठ्यपुस्तक : १०६।०३।१९ बाट यस पालिकाभित्र संचालित विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको प्रमाणित विवरण यकिन गरी सो को आधारमा निशुल्क पाठ्यपुस्तकको रकम पहिलो किस्तावापत ७५ प्रतिशत निकासा हुनुपर्नेमा रु ३१८५००० निकासा भएको छ । विद्यार्थीरूको तथ्याङ्क पेश नभएकोले सो सम्बन्धमा खर्च यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३२.</td><td>जिन्सीः कार्यालयले प्राप्त हुन आएका जिन्सी सामानको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ९५ बमोजिम जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गराउनुपर्दछ । मिति २०७७।०३।०८ मा रु ९२६०० को प्रिन्टर)Printer CDW Laser 6520(खरिद गरेको तर जिन्सी आम्दानी बाँधेको नपाइएकोले जिन्सी आम्दानीको प्रमाण पेश गर्नुपर्ने रु</td><td>९२६००</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३३.</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। गाउँपालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइको सोझै खरिद गरेको देखियो । कानुनको पालन गरि खरिद कार्य गर्नुपर्दछ ।
<table>
<tr><th>गो भौ न</th><th>कामको विवरण</th><th>संस्थाको नाम</th><th>खर्च रकम</th></tr>
<tr><td>२१।०७६।७।२५</td><td>आवधिक योजना तयार गर्ने
आव २०७६।७७ देखि २०८०।८१ सम्म</td><td>जनचेतना विकस समाज नेपाल</td><td>१८३६२५०</td></tr>
<tr><td>२२।०७६।७।२५</td><td>गाउपालिक प्रोफाइल तयार गर्ने</td><td>ग्लोवल रिसर्च सेन्टर</td><td>१९८८८००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३४.</td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु २३४४३८३। खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । नियमावलीले तोके अनुसारको खर्चमा नियन्त्रणका लागी कन्टिन्जेन्सी खाता अद्यावधिक हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५.</td><td>योजना हस्तान्तरणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयलमा रही थप व्ययभार थपिन जाने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>निर्माण कार्यको गुणस्तरः सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार,सिमेण्ट,मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने परिक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>बीमा गराउनुपर्नेः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागथि अनिवार्य</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ। कार्यालय र उपभोक्ताबिचको सम्झौतामा विभिन्न निर्माण सामग्री तथा निर्मित संरचनाको Quality Assurance का लागि Lab Test उपभोक्ताद्वारा निर्माण गरिएको संरचनाको Lab Test भएको छैन ।गुणस्तर परिक्षणबिना उपभोक्ताबाट निर्मित सडकमा गुणस्तरीय भएको कुरामा आश्वस्त हुन सकिएन ।</td><td></td></tr>
<tr><td>३९.</td><td>अग्रीम कर : आयकर ऐन २०५८ को दफा ८९ [३] क अनुसार उपभोक्ता समिति मार्फत काम गराउने गरी गरीएको पचास लाख रुपैयभन्दा वढीको भुक्तानी रकममा एक दशमलव पाच प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले निम्न उपभोक्ता समितिबाट सम्झौता गरी निम्न कार्य गरी भुक्तानी लिएकोमा आयकर ऐन २०५८ अनुसार १.५ प्रतिशत अग्रीम कर कट्टि गर्नुपर्नेमा कम कर कट्टि गरेकोले नपुग कर कट्टी गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ न</th><th>उपभोक्ता समिति</th><th>सम्झौता। भुक्तानी रकम</th><th>कर कट्टि गर्नुपर्ने</th><th>कर कट्टी गरेको</th><th>नपुग कर</th></tr>
<tr><td>१११।८।२९</td><td>ढुङगाड गर्ज सडक उ स</td><td>७९९२२८८</td><td>११९८८४</td><td>८३९६९।</td><td>३५९१५।</td></tr>
<tr><td>४।०७६।७।७</td><td>विधुत लाइन विस्तार उ स</td><td>५५९८३९५</td><td>८३९७५</td><td>३३९२७</td><td>५००४८</td></tr>
<tr><td>५।०७६।७।६</td><td>भेकेखोलाजलविधुतआयोजना</td><td>९१२६८१९</td><td>१३६९०२</td><td>७०१४२</td><td>६६७६०</td></tr>
<tr><td>१२।०७६।७।२८</td><td>वडा न २ विद्युत विस्तार</td><td>५८०००००</td><td>८७०००</td><td>४५२३९</td><td>४१७६१</td></tr>
<tr><td>०२।०७६।८।२९</td><td>डोटी तलान ढुंगाड गर्जे सडक उ स</td><td>१०२३३१०२</td><td>१५३४९६</td><td></td><td>१५३४९६</td></tr>
<tr><td>०३।०७६।८।२९</td><td>श्री भावर जालहल्ला कृषिसडक उ स</td><td>१००७६८५६</td><td>१५११५२</td><td></td><td>१५११५२</td></tr>
<tr><td>१२८।०७७।३।२४</td><td>थलालीगाड जलविद्युत आ.</td><td>८१०००००</td><td>१२१५००</td><td></td><td>१२१५००</td></tr>
<tr><td></td><td>दोगाड जल विद्युत आ.</td><td>५००००००</td><td>७५०००</td><td></td><td>७५०००</td></tr>
<tr><td></td><td>केन्द्रियविद्युतलाइन विस्तार</td><td>८००००००</td><td>१२००००</td><td></td><td>१२००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>८१५६३२</td></tr>
</table></td><td>८१५६३२।</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४०.</td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत रु १ करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धी सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । सोही नियम १ को उपनियम १ मा एक करोड लागत अनुमानमा मुल्य अभिवृद्धि कर,ओभर हेड, कन्टेन्जेन्सी र जन सहभागीताको अंश समेतको रकम समावेश हुनेछ । यस गाउँपालिकावाट संचालिति निम्न उपभोक्ता समितिबाट सम्पन्न भएका आयोजनाहरुको लागत अनुमान रु १ करोड भन्दा वढी रहेकोमा पनि उपभोक्ता समितिसंग पालिकाले सम्भौता गरी सडक निर्माण तथा जल विद्युत आयोजनामा कार्यमा भुक्तानी दिएको छ ।सार्वजनिक खरिद नियमावली तोकेको सिमा भन्दा वढि लागत अनुमान भएको निर्माण कार्यमा उपभोक्ता मार्फत सम्झौता गरी खर्च लेखेको नियमको पालना गरी खर्च गर्नुपर्दछ ।
<table>
<tr><td>आयोजनाको नाम</td><td>सम्झौता रकम [मुअकर, ओभर हेड, कन्टेन्जेन्सी जनश्रमदान समेत]</td></tr>
<tr><td>भेकेखोला जलविद्युत आयोजना</td><td>१२०६३८१९।</td></tr>
<tr><td>श्री भावर जालहल्ला कृषि सडक उ स</td><td>११४३२३५८</td></tr>
<tr><td>देउलेक मौरीवगड गर्जे सडक</td><td>११६८३९४४</td></tr>
<tr><td>थलालिगाड जलविद्युत आयोजना</td><td>१०७१५७७४।</td></tr>
<tr><td>डोटि तलारा ढुङ्गा सडक निर्माण उ स</td><td>१२७८३८६२।</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१.</td><td>भेकेखोलामा जल विद्युत आयोजनको विस्तार कार्यको लागि गाउँपालिकाले भेकेखोला जल विधुत उपभोक्ता संग सम्झौता गरी मिति २०७५।९।३० मा कार्यदेश दिएको छ । सम्झौता अनुसार विस्तारको लागि पोलगाडने पोल ढुवानी प्रसारण लाइनको तार तान्ने लगायत कार्य गरी यो वर्ष पालिकाले १५ प्रतिशत additoion for engeering for electrical work mobilization ११८७५५६। समेत रु ९१०४५५९७।८४ भुक्तानी दिएको छ । उपभोक्ता समितिलाइ उकत थप इन्जिनियरिङ्ग सुविधा दिएकोले उक्त सुविध दिन मिल्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>११८७५५६</td></tr>
<tr><td>४२.</td><td>विद्युत लाइन विस्तार : गाउँपालिकाले विद्युतीकरण गरी जनसेवालाइ प्रभावकारी गराउनु स्थानिय तहको दायित्व हो । यस गाउँपालिकाले आफनै पहलमा उपभोक्ता समिति मार्फत लघुजलविद्युत समेत उत्पादन गरेको छ ।अर्को तर्फ केन्द्रिय प्रशारण लाइन जोडने कार्य पनि गरेको पाइयो । देशभित्र विद्युतिकरण गरी जनजिवन सहज तुल्याउने राज्य समेत दायित्व हो ।गाउँपालिकाले आफनै पहलमा विद्युत जस्तो जटिल संरचना विस्तार गर्दा विज्ञता नपुग्ने दिगोपना र गुणस्तरीयता नहुने लागतको आधारमा प्रभावकारिता नहुने देखिन्छ । केन्द्रिय लाइन संग वडा न १,२,३,४ लाइ विद्युत विस्तार गर्न यो वर्ष गाउँपालिकाले रु १ करोड ५७ लाख ८९ हजार खर्च गरेको छ। यसरी गाउँपालिकाले गरेको विद्युतीकरणको कार्यमा गुणस्तरीयता र दिगोपना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.</td><td>अनियमित खर्च : देउलेख मौरीवगड गर्जे सडक योजना कार्यान्वयन गर्न रु ९९ लाख ७७ हजार ६८४ को लागतमा उपभोक्ता समितिसंग सम्झौता गरेको पाइयो ।कार्यालयबाट प्रदान गरिने ८७ लाख मध्येबाट निर्माण कामको भुक्तानी उपभोक्त समितिले डिलासैनी कन्स्ट्रकसनको इन्धन वाहेक प्रतिदिन रु ६ हजारको दरमा डोजरको मु अ कर विजक समेत पेश गरेको पाइयो । पालिकाको आफनै डोजर रहेको र सो डोजर अन्यन्त्र भाडमा दिदा प्रतिदिन रु २०००। भाडमा दिने गरेको छ ।तर उक्त सडकको काम गर्ने उपभोक्ता समितिले डोजर भाडा वापत ३४ लाखको विल पेश गरेको छ । यसरी आफनै डोजरबाट उपभोक्ता समिति मार्फत सस्तोमा काम गराउन सकिनेमा घुमाउरो तवरले निर्माण व्यवसायीबाट काम गराइ वढि व्ययभार परेको अनियमित देखिएको रु</td><td>३४०००००</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४४.</td><td>अग्रिम कर: १७७/२०७७।३।३० आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले निम्न मितिमा तालिम संचालन गर्दा अग्रिमकर असुल नगरेकोले असुल गर्नुपर्ने रु...
<table>
<tr><th>तालिम</th><th>संचालन मिति</th><th>रकम</th><th>कर</th></tr>
<tr><td>१०० जना कार्यालय संचालन</td><td>२०७६।१२।१०-१२।१५</td><td>५०००००</td><td>७५०००/-</td></tr>
<tr><td>उ.स.पदाधिकारी तालिम</td><td>२०७६।१२।३०-१२।३०</td><td>३७५००</td><td>५६२५/-</td></tr>
</table></td><td>८०६२५</td></tr>
<tr><td>४५.</td><td>मु अ कर : उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरी योजना फरफारक गरेकोमा उपभोक्ताले पेश गरेको मु अ कर विजक अनुसारको रकम मात्र भुक्तानि दिनु पर्दछ । कार्यलयले निर्माण सामाग्रीको पेश गरेको मु अ कर विजक भन्दा वढी भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ न</th><th>आयोजनाको नाम</th><th>मु अ कर भुक्तानी</th><th>विल पेश</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>१२९।३।२४</td><td>धलाली गाड सिंचाइ आ</td><td>६३७६६९।</td><td>६१५९४०</td><td>२१७२९</td></tr>
<tr><td>१६७।३।२९</td><td>वगेडजर सिंचाइ योजना</td><td>४८९५२।</td><td>२५१६७।</td><td>२३७८४।</td></tr>
<tr><td>१६७।३।२९</td><td>वाटुले जडेपानी आयोजना</td><td>२८२२७।</td><td>७०७२।</td><td>२८२२७।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>७३७४०।</td></tr>
</table></td><td>७३७४०</td></tr>
<tr><td>४६.</td><td>समानुपतीक कर कट्टि : नगरेको उपभोक्त संग गरेको सम्झौता अनुरुपको कार्य सम्पादन हुन नसकदा उपभोकताबाट कम कार्यको मुल्यकंन गरी अनुपातिक रुपमा खर्च लेखनु पर्दछ । पालिकालका अन्तर्गत निम्न योजनामा सम्झौता अनुसार उपभोक्ताले काम नगरेकोमा गाउँपालिकाले पुरै रकम भुक्तानि गरेकोले अनुपातिक कट्टा गरी असुल गर्नुपर्ने रु
<table>
<tr><th>योजनाको नाम</th><th>सम्झौता रकम</th><th>कार्यसम्पन्न</th><th>कम कामक</th><th>भुक्तानी</th><th>कट्टा गर्नुपर्ने</th></tr>
<tr><td>बाटुले जडेपानी खा पा</td><td>१४२८४३०।</td><td>१२१४६९५</td><td>१४।९६</td><td>१००००००</td><td>१५००००</td></tr>
<tr><td>दुमर्खक महाड खा पा</td><td>६०००००।</td><td>५८३०००</td><td>२।८३</td><td>५०००००</td><td>१४१५०।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१६४१५०।</td></tr>
</table></td><td>१६४१५०</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४७.</td><td>अनुगमन नभएको : अनुदान रकम भुक्तानि गर्दा त्यसको सम्झौता अनुसार कार्य सम्पादन गरे नगरेको सो अनुगमन गर्नुपर्दछ । यस पालिकाले निम्न कृषि तथा पशुजन्य तथा अन्य सहकारी संस्थाहरुलाइ अनुदान रकम उपलव्ध गरायकोमा सम्झौता अनुसार कार्य सम्पादन भए नभएको एकीन गरी अनुगमन प्रतिवेदन पेश गर्नपर्दछ ।
<table>
<tr><td>अनुदान दिएको संस्था</td><td>अनुदान रकम</td><td></td></tr>
<tr><td>सिगास युवा स्वरोजगार तथा कृषि उद्यम</td><td>१०००००।</td><td></td></tr>
<tr><td>रुपाखेती वाखापालन तथा कृषि फर्म</td><td>१०००००।</td><td></td></tr>
<tr><td>जानकी वाख फार्म</td><td>१००००००।</td><td></td></tr>
<tr><td>हिमाल कृषि तथा पशुपालन फर्म</td><td>१०००००।</td><td></td></tr>
<tr><td>कालिका वाखापालन केन्द्र</td><td>५००००।</td><td></td></tr>
<tr><td>यादव कुखुर फर्म</td><td>२५०००।</td><td></td></tr>
<tr><td>वसन्त कृषि तथा पशु उद्यम केन्द्र</td><td>२५०००।</td><td></td></tr>
<tr><td>टिका सिंह ऐर मौरीपालन समुह</td><td>५००००।</td><td></td></tr>
<tr><td>उदयदेव कृषि तथा पशुपंक्षि फर्म</td><td>१०००००।</td><td></td></tr>
<tr><td>दान सिंह वोहरा</td><td>२५०००।</td><td></td></tr>
<tr><td>प्रतिज्ञा कुखुरापालन फर्म</td><td>२५०००।</td><td></td></tr>
<tr><td>जठममता वाखा फर्म</td><td>२५०००।</td><td></td></tr>
<tr><td>जम्मा</td><td>७५००००।</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४८.</td><td>लागत अनुमान वरावर ठेक्का सम्झौता : सार्वजनिक खरिद ऐन २०६३ को दफा ३ मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खर्च गर्नु हुदैन भन्ने उल्लेख गरेको छ ।यस पालिकाले निम्न कार्यको लागि वोलपत्रको सुचना प्रकाशित गरेकोमा पालिकामा १ वटा फर्मले मात्र फर्म दर्ता गरेकोमा मुल्यांकन समितिले उक्त फर्मले लागत अनुमान भन्दा न्युन कम अक कवोल गरेका फर्मलाइ स्विकृत गर्ने सिफरिस गरी पालिकाले सम्झौता गरेकोले खरिद कार्यमा प्रतिस्पर्धा भएको छ भनि आश्वत हुन नसेकेकोले खरिद कार्यमा प्रतिस्पर्धा हुनुपर्ने देखिन्छ ।
<table>
<tr><td>कामको विवरण</td><td>फर्मको नाम</td><td>लागत अनुमान</td><td>सम्झौता रकम</td><td>फरक</td></tr>
<tr><td>ठुलोखोला सिंचाइ आयोजना</td><td>श्री सिगास निर्माण सेवा</td><td>५७५८७२२।</td><td>५७५३७२३।</td><td>०.०९</td></tr>
<tr><td>सिगास मा वि भवन निर्माण कार्य</td><td>रविन्द्र पञ्चेश्वर कन्स्ट्रक्स एण्ड सप्लार्यस</td><td>४७९८५३३।</td><td>४७८९०५२।</td><td>०.२</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९.</td><td>विल पेश नभएको : कुलोखोला सिंचाइ आयोजनाको निर्माण व्यवसायी सिगास निर्माण सेवाले सम्झौता अनुसार निर्माण काम सम्पन्न नगरेकोमा निर्माण व्यवसायीले प्रोभिजन सममा विमा वापत रु २००००। र गुणस्तर परीक्षणको रु ६००००। समेत रु ८००००। निर्माण व्यवसायीलाइ भुक्तानी दिएकोमा विल पेश नगरेकोले उक्त रकम असुल गर्नुपर्ने रु</td><td>८००००</td></tr>
<tr><td>५०.</td><td>विल पेश नगरेको : सिगास माध्यमिक विद्यालयको गरेको कामको मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । निर्माण व्यवसायीले विओक्युको प्रोभिजन सम्ममा विमा तथा गुणस्तर परीक्षणको प्रावधान राखेकोमा निर्माण व्यवसायीले विमा गरेको छैन भने गुणस्तर परीक्षण गरेको रु ६३०००।खर्च लेखेकोमा परीक्षणा गरेको विल संलग्न नगरेकोले विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>६३०००</td></tr>
<tr><td>५१.</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। गाउँपालिकाले यो वर्ष कार्यलय सामान तथा मसलन्दमा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै खरिद गरेको देखियो । यसरी प्रतिस्पर्धा सिमित हुने गरी खरिद नगरी कानुनको पालना गरेर खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२.</td><td>मर्मत आदेश : सार्वजनिक निकायले कुनै पनि सावरी साधन मर्मत गर्नु पर्दा मर्मत आदेश स्विकृत गराइ मर्मत खर्च लेखनु पर्दछ । गाउँपालिकाले ८०।२०७६।११।१३ बाट सावरी साधन मर्मत खर्च रु ३४८०३८। खर्च लेखेकोमा अधिकार प्राप्त पदाधिकारीबाट मर्मत आदेश स्विकृत नगराइ खर्च लेखेको र मर्मत अभिलेख समेत नराखी खर्च लखेको नियमसम्मत नदेखिएको रु</td><td>३४८०३८</td></tr>
<tr><td>५३.</td><td>कार्य सम्पन्न प्रतिवेदन : १०६।०७७।३।५ बाट यस गाउँपालिकाको निर्णय अनुसार नवदुर्गा गाउँपालिकाको बाटोको ट्र्याक खोलने क्रममा सिचाइ कुलो मासिन गएकोले कुलो निर्माणको लागि रु ५०००००। भुक्तानी दिएकोमा उक्कत निर्माण कार्य सम्पन्न गरेको प्रतिवेदन पेश नभएकोले सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु</td><td>५०००००</td></tr>
<tr><td>५४.</td><td>विद्यालय शिक्षा अनुदान : शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६।७७ को क्रियकलाप २.१५.११.६३६ मा साविक जिल्ला शिक्षा कार्यलयबाट अनुमति प्राप्त गरी संचालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहात कोटा प्राप्त नगरेका विद्यालयलाइ शिक्षक व्यवस्थापनको लागि अनुदान दिने व्यवस्था छ । पालिकाले विद्यालयमा स्वयम सेवक शिक्षकको अनुदान रु १३३६५६००। निकासा दिएको छ । गाउँपालिका अन्तर्गत विद्यालयमा शर्सत अनुदानबाट शिक्षक तलव भत्तामा निकासा दिएको छ । यस सम्वन्धमा विद्यालय शिक्षक दरवन्दी मिलान वेगर निजी शिक्षकको लागि निकासा दिएको छ। शिक्षक दरवन्दी र विद्यार्थि संख्याको आधारमा आवश्यक पर्ने भए प्रतिस्पर्धात्मक तवरले छनोट गरी शैक्षिक गुणस्तर अभिवृद्धि हुने गरेर मात्र निजी शिक्षक नियुक्त गर्नु पर्दछ । विद्यालयलाइ थप शिक्षक आवश्यक पर्ने फ्लास रिपोर्ट र स्विकृत शिक्षक दरवन्दी सहितको शिक्षक विद्यार्थि अनुपात विद्यार्थि संख्या, शिक्षक नियुक्तिको प्रमाण र तलव वुझेको प्रमाण पेश गर्नुपर्ने रु</td><td>१३३६५६००</td></tr>
<tr><td>५५.</td><td>जिन्सी दाखिला : यस गाउँपालिकाले विद्यालयहरुलाइ ICT प्रोग्राम अन्तर्गत निम्न विद्यालयहरुमा पुस्तक खरिद कम्प्युटर सोलार तथा अन्य सामाग्री खरिदको लागि अनुदान दिएकोमा उक्त रकमबाट खरिद गरेका सामग्री तथा अन्य सामानको विद्यालयको जिन्सी खातामा दाखिला नगरेकोले जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>विद्यलायको नाम</th><th>खरिद सामाग्री</th><th>अनुदान रकम</th></tr>
<tr><td>भुवनेश्वरी मा वि</td><td>विद्यायक भौतिक पुर्वधार सुधार अनुदान</td><td>६५००००।</td></tr>
<tr><td>भुमीराज आ वि वेसरा</td><td>पुस्तक तथा अन्य सामाग्र खरिद</td><td>६५००००।</td></tr>
<tr><td>नरेन्द्रपुर आ वि</td><td>आइसीटी सामाग्री</td><td>६५००००।</td></tr>
<tr><td>गणेश मा वी</td><td>पुस्तक तथा फर्निचर खरिद</td><td>६५००००।</td></tr>
<tr><td>शारदा मा वी ढुगाड</td><td>विज्ञान सामाग्री खरिद</td><td>६५००००।</td></tr>
<tr><td>उदय देव मा वी</td><td>आइसीटी सामाग्री खरिद</td><td>६५००००।</td></tr>
<tr><td>श्री महादेव मा वी</td><td>विज्ञान सामाग्री खरिद</td><td>६५००००।</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४५५००००</td></tr>
</table></td><td>४५५००००</td></tr>
<tr><td>५६.</td><td>दाखिला गर्नुपर्ने : प्रदेश सरकार शिक्षा निर्देशनालयबाट रु ६१००००। प्राप्त भएको रकम खर्च नभइ वाकी रहेकोले उकत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>६१००००</td></tr>
</table>

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
५७.	**भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च २७६२५६५।लेखेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्। • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु नगरपालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
५७.१.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन ।	
५७.२.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्ने व्यवस्था सम्पुर्ण वडाहरुमा कार्यान्वयन भएको छैन ।	
५७.३.	मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख तयार गरि पेश भएको छैन । लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाईका साथ लागु गर्नु पर्दछ ।	
५८.	**कोभिड — १९** : कोभिड रोग नियन्त्रण तथा व्यवस्थापन गर्न यस गाउँपालिकाले पूर्वतयारी सम्बन्धी कार्यहरु र कोभिड रोग सँग प्रतिरोध गर्न हेल्प डेस्क स्थापना, क्वारेन्टाइन स्थापना र व्यवस्थापन आइसोलेसन निर्माण र व्यवस्थापन प्रचार प्रसार, स्वास्थ्य सामाग्री उपकरण खरिद, राहत व्यवस्थापन, स्वास्थ्य कर्मी, स्वयंसेवक, कर्मचारी टिम परिचालन, बाटोमा फसेकालाई गाउँसम्म, क्वारेन्टाइन सम्म पुर्याउने लगायतका क्रियाकलापहरु संचालन भएका हुन ।	
५९.	**व्यवस्थापन कोष** : गाउँपालिकाले पेश गरेको विवरण अनुसार एकिकृत आर्थिक विवरणमा प्रकोप व्यवस्थापनको आय १ करोड १४ लाख १३ हजार ४०० र खर्च तर्फ १ करोड ७ लाख २५ हजार खर्च भई ६ लाख ८८ हजार ३८६ कोषमा बाँकी रहेको देखिएको छ । तर कोरोना सम्बन्धि आय र व्ययको फाराममा भने ९१ लाख २० हजार आय र व्यय देखिएको छ । एकिकृत आर्थिक विवरण र	

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सहायक विवरणमा देखिएको फरक रकमको कारण पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०.</td><td>राहत सामाग्री वितरण : राहत सामाग्री वितरण गर्न राहत पाउने लाभग्राहीको संख्या एकिन गर्नुपर्दछ । घरधुरी पहिचानका आधारमा राहतग्राहीको नाम एकिकृत गरी सो बमोजिम वितरणको कार्ययोजना संचालन गर्नुपर्दछ । यस गाउँपालिकाले प्रत्येक वडागत रुपमा राहतग्राहीको विवरण संकलन गरी वितरण गर्नुपर्नेमा वडामा राहत सामाग्री पठाई मागको आधारमा वितरण गरेको छ । मापदण्ड तयार नगरी वितरण गरेको देखियो । यसले गर्दा वास्तविक लाभग्राही राहतबाट बञ्चित हुने, कोही दोहोरिने तथा राहत दुरुपयोग हुने संभावना रहेकोले राहत ग्राहीको पहिचानको आधारमा वितरण गर्नेतर्फ ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>६१.</td><td>सामाग्री खरिद : कोरोना व्यवस्थापन नियन्त्रण गर्न राहतमा ५३ लाख ७३ हजार ६००, औषधि उपकरण खरिदमा १७ लाख ५० हजार खर्च गरेको छ । कोटेशनको प्रकृया बाट केही मालसामान किनेपनि अधिकांश सामान सोझै पटक पटक खरिद गरेको छ । यसले खरिद प्रकृया पारदर्शि, मितव्ययि, गुणस्तरीय र व्यवस्थित हुँदैन । प्रतिस्पर्धी र योजनाबद्ध खरिदको प्रकृया अपनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६२.</td><td>क्वारेन्टाइन/होल्डिङ्ग सेन्टर : क्वारेन्टाइन संचालन गर्न कतिवटा ठाउँप्रयोग गरियो भन्ने खुलाएको छैन । विवरण अनुसार संचालन व्यवस्थापन र निर्माण खर्च समेत गरी क्वारेन्टाइनको लागि रु २५ लाख खर्च भएको छ । आषाढ मसान्त सम्म क्वारेन्टाइनमा बस्नेको संख्या १२८४ रहेको विवरण पेश भएको छ । क्वारेन्टाइन निर्माणमा प्रयोग हुने सामाग्री र संचालन व्यवस्थापन गर्न लाग्ने सामाग्रीको खरिद गर्दा पेश्कि लिई पटक पटक फछ्यौट गरी खरिद गरेको देखिन्छ । खरिद कार्य योजनाबद्ध, व्यवस्थित र प्रतिस्पर्धी देखिएन । यस्तो कार्यप्रणालीमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६३.</td><td>कोरोना नियन्त्रण : विभिन्न कार्यक्रमहरु संचालन गर्दा विभिन्न भौ.नं. मितिमा आयकर ऐन,२०५८ बमोजिम अग्रिम आयकर असुल गर्न छुट भएकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><td>भौ.नं. मिति</td><td>कार्यक्रम</td><td>रकम</td><td>कर</td></tr>
<tr><td>२३/२०७७।३।०३</td><td>ना.सु. कमला कु.भट्ट (राहत वितरण)</td><td>२२६,०००.००</td><td>३३९०</td></tr>
<tr><td>२४/२०७७।३।०४</td><td>पे.फ. उमेश कलेल</td><td>१५४,३९५.००</td><td>२३१६</td></tr>
<tr><td>२५/२०७७।३।०४</td><td>पे.फ. उमेश कलेल</td><td>३७२,६७०.००</td><td>५५९०</td></tr>
<tr><td>२७/२०७७।३।२१</td><td>वनदेवी मेडिसिन</td><td>४३०,७५८.००</td><td>६४६१</td></tr>
<tr><td>२८/२०७७।३।२१</td><td>जोखिम भत्ता वितरण</td><td>६६१,८००.००</td><td>९९२७</td></tr>
<tr><td>४१/२०७७।३।२१</td><td>नयन सिंह रोकाय पे.फ.</td><td>५८,८२५.००</td><td>८८२</td></tr>
<tr><td>४२/२०७७।३।३१</td><td>कुमारी चाँदनी धामी</td><td>१५१,२६५.००</td><td>२२६९</td></tr>
<tr><td>४४/२०७७।३।३१</td><td>कुमारी चाँदनी धामी</td><td>१३३,०१०.००</td><td>१९९५</td></tr>
<tr><td>४५/२०७७।३।३१</td><td>अनिल चौधरी पे.फ.</td><td>१५३,७७५.००</td><td>२३०७</td></tr>
<tr><td>४६/२०७७।३।३१</td><td>कमला कुमारी भट्ट पे.फ.</td><td>१५३,७७५.००</td><td>२३०७</td></tr>
<tr><td>४७/२०७७।३।३१</td><td>नर बहादुर धामी पे.फ.</td><td>१४१,९५०.००</td><td>२१२९</td></tr>
<tr><td>४८/२०७७।३।३१</td><td>राज बहादुर धामी पे.फ.</td><td>१५५,०४०.००</td><td>२३२६</td></tr>
<tr><td>४९/२०७७।३।३१</td><td>राज बहादुर धामी पे.फ.</td><td>७६१,१७०.००</td><td>११४१८</td></tr>
<tr><td>५१/२०७७।३।३१</td><td>नर बहादुर धामी पे.फ.</td><td>१४१,०००.००</td><td>२११५</td></tr>
<tr><td>५३/२०७७।३।३१</td><td>मोहन सिंह ऐर पे.फ.</td><td>१००,१७९.००</td><td>१५०३</td></tr>
<tr><td>५४/२०७७।३।३१</td><td>कुमारी चाँदनी धामी पे.फ.</td><td>१२६,७१५.००</td><td>१९०१</td></tr>
<tr><td>५५/२०७७।३।३१</td><td>नयन सिंह रोकाय पे.फ.</td><td>१६७,०००.००</td><td>२५०५</td></tr>
<tr><td></td><td></td><td></td><td>६१३४१</td></tr>
</table></td><td>६१३४१</td></tr>
<tr><td>६४.</td><td>यस पालिकाले आर्थिक वर्ष २०७५।७६ को बजेटबाट सडक योजना अन्तर्गत वडा नं ३ को</td><td>३६५६४३</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>साउनखेतमा सडक निर्माणको क्रममा भत्किएका केही घरहरुको क्षतिको प्राविधिक मूल्याङ्कन गरी २६ वटा घरहरुलाई स्विकृत लागत अनुमानको ५०राहत अनुदान दिने निर्णय गरेकोमा निम्न लाभग्राहीलाई % लागत अनुमान भन्दा बढी भुक्तान भएको रकम असुल गर्नुपर्नेरु</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौनं/मिति</th><th>लाभग्राहीको नाम</th><th>भुक्तान रकम</th><th>हुनुपर्ने रकम</th><th>बढी भुक्तान भएको</th></tr>
<tr><td>११।०३-०७</td><td>लाल साउद</td><td>१५७५५०</td><td>६१२७५</td><td>९६२७५</td></tr>
<tr><td>२२।०३-०९</td><td>मानसिँह साउद</td><td>१४८९००</td><td>७१५९६</td><td>७७३०३</td></tr>
<tr><td>२१।०३-०९</td><td>रामसिँह साउद</td><td>२०३०००</td><td>२३०५</td><td>१७९९६५</td></tr>
<tr><td>४।०३-०४</td><td>गंगासिँह धामी</td><td>१२५४८६</td><td>११३३८६</td><td>१२१००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>३६५६४३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५.</td><td>वार्षिक प्रतिवेदन— विपद् जोखिम न्यूनीकरण तथा व्यवस्२०७४ को दफा ४५ मा स्थानीय विपद् , व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६६.</td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मतसम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६७.</td><td>पेश्की : निम्न व्यक्ति तथा सस्थाहरुको पेश्की आर्थिक वर्षको अन्त सम्म म्याद नाघेको पेश्की बाँकी रहेकोले नियम अनुसार असुल फछ्यौट गर्नुपर्ने रु</td><td>७२३४२००</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>गो भौ न</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>२५।०७७।३।३१</td><td>कुमारी चादनी धामी</td><td>१५००००।</td></tr>
<tr><td>२६।०७७।३।३१</td><td>पुष्कर वहादुर चन्द</td><td>१५००००।</td></tr>
<tr><td>३२।०७७।३।३१</td><td>कमला कुमारी भट्ट</td><td>१०००००।</td></tr>
<tr><td>३४।०७७।३।३१</td><td>उमेश कलेल</td><td>१०००००।</td></tr>
<tr><td>३५।०७७।३।३१</td><td>अनिल चौधरी</td><td>१०००००।</td></tr>
<tr><td>३६।०७७।३।३१</td><td>नर वहादुर धामी</td><td>१०००००।</td></tr>
<tr><td>३७।०७७।३।३१</td><td>राज वहादुर धामी</td><td>१०००००।</td></tr>
<tr><td>३८।०७७।३।३१</td><td>नयन सिह रोकाय</td><td>१०००००।</td></tr>
<tr><td>३९।०७७।३।३१</td><td>मोहन सिंह ऐर</td><td>१०००००।</td></tr>
<tr><td>२०७६।८।२९</td><td>पन्चोदय मा वी इरान</td><td>८००।</td></tr>
<tr><td>२०७६।८।२९</td><td>वालकृष्ण मा वी न्वाघर</td><td>८००।</td></tr>
<tr><td>२०७६।१०।१२</td><td>लेक लुपण मा वी</td><td>२२५०००।</td></tr>
<tr><td>२०७६।१०।१२</td><td>शिव निमावी गढतेल</td><td>२२५०००।</td></tr>
<tr><td>२०७७।२।२८</td><td>शारदा मा वी</td><td>३५००००।</td></tr>
<tr><td>२०७६।१०।१२</td><td>शिवश्कर प्रा वी</td><td>४०६८००।</td></tr>
</table>
</td><td></td></tr>
</table>

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा			बेरुजू रकम
	२०७६।१०।१२	नौलो प्रा वी वस्ती	४६०८००।	
	३।०७७।१।२९	शारदा मा वी ढुंगाड	३६०००० ।	
	५।०७६।७।६	केन्द्रिय विद्युत प्रशारणलाइन उ स	६०००००।	
	५।०७६।७।६	वडा कार्यालय भवन निर्माण उ स	३०००००।	
	२९।०७६।१०।१२	कैपाल मन्दिर निर्माण उ स	१८००००।	
	३०।०७६।१०।१२	रकसौन देउघर निर्माण उ स	६४५०००।	
	४५।०७६।११।१२	वुढाकोट गोरे घर निर्माण उ स	१५००००।	
	१८१।२।२९	ठुलाखोला मसानीझाड सडक नि उ	१८०००००।	
	२।०७६।४।१	गाजरी स्वास्थ्य चौकी	७००००।	
	२।०७६।४।१	चौखाम स्वास्थ्य चौकी	७००००।	
	२।०७६।४।१	ढुङगाड स्वास्थ्य चौकी	४५०००।	
	२।०७६।४।१	थलाकाडा स्वास्थ्य चौकी	१०००००।	
	२।०७६।४।१	सिगास स्वास्थ्य चौकी	४५०००।	
	५२।२०७६।११।१९	सिर्जना सामुदायिक केन्द्र	२०००००।	
			७२३४२००	

अनुसुची-१

संचितकोष विवरण

२०७६/७७

सुदूरपश्चिम प्रदेश

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्याय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
वैतडी	सिगास गाउँपालिका	८७९९१५	३४२५८	३-८९	५९५१८	३२०९७०	५४९४४	५९७७	७८३४२	४६०२३३	१८७६६८	१५६७५२	७५२६२	४१९६८२	१०००६९

अनुसुची-२

बेरुजु बर्गिकरण(विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु.हजारमा)

जिल्ला		प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगानी		सैद्धान्तिक	लगानी		सैद्धान्तिक	लगानी			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
वैतडी	सिगास गाउँपालिका	५९	२०	३४२५८	-	-	-	५९	२०	३४२५८	१८०७	३७४८	२१४६९	-	--	२५२१७	१०००	६२३४	७२३४

अनुसुची-३

अध्यावधिक बेरुजु स्थिति

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	गत बर्ष सम्मको वाँकी वेरुजु	समायोजन	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की	अनुसुची अनुसारको गत वर्षको बेरुजु	फरक रकम
वैतडी	सिगास गाउँपालिका	६९१६७	०	०	०	०	०	६९१६७	३४२५८	१०३४२५	४३१८०		